नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको बजार अनुगमनसम्बन्धी अत्यन्त जरूरी सूचना

खाद्य ऐन, २०२३; स्थानीय प्रशासन ऐन, २०२८; मदिरा ऐन, २०३१; कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२; उपभोक्ता संरक्षण ऐन, २०७५ लगायतका अन्य प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही जिल्लाका विभिन्न बजारहरूमा नियमित वा छड्के अनुगमनका आधारमा गैरकानूनी व्यापार/व्यवसायलाई नियमन गरी:

- उपभोक्ता हितको संरक्षण;
- कालो बजारी तथा तस्करीमा चल्ने व्यवसायको नियन्त्रण;
- अनौपचारिक/गैरकानूनी व्यवसायको औपचारिक/कानूनी व्यवसायमा रूपान्तरण;
- सबै व्यवसायलाई करको दायरामा ल्याई राजश्व सङ्कलन तथा चुहावट नियन्त्रण;
- गैरखाद्यवस्तुको बिक्री वितरणमा रोक;
- स्वच्छ बजार प्रतिस्पर्धाको सिर्जना;
- मदिरा बिक्रीमा नियमन;
- औषधिजन्य पदार्थको बहानामा हुन सक्ने लागू औषध कारोवारको बिक्री वितरणमा रोक र
- अन्ततोगत्वा स्वच्छ, शान्त र कानूनी व्यावसायिक वातारणको सिर्जना गरी जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्थालाई मजबुत एवम् पर्याप्त बनाउन तथा उपभोक्ता हितको संरक्षण र प्रवर्द्धन गर्दै मानव अधिकार, विधिको शासन र सामाजिक न्यायको आधारमा सुशासन प्रवर्द्धन गर्न वाञ्छनीय भई यो सूचना सार्वजनिक गरिएको छ ।

यसर्थ, कुनै पनि गैरकानूनी व्यापार व्यवसायमा सम्लग्न नहुन तथा उपभोक्ता अधिकारको सम्मान गर्न जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ । कानूनविपरीत सञ्चालनमा रहेका व्यापार व्यवसायलाई प्रचलित कानूनबमोजिम दण्ड/जरिवाना/मुद्दा चलाई कारवाही गरिने हुँदा सचेत रहन यस कार्यालय आग्रह गर्दछ । साथै, बजार अनुगमनमा आएका कर्मचारीलाई सहयोग गर्नु हुन समेत् अनुरोध गरिन्छ ।

मिति : २०७७/१२/०२

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित रूपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

Scanned with CamScanner